**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १२ जुलाई २०२६**
समयः १८:५० - १६:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- राज्यका श्रम एवं परिवहन मंत्री अर्जुन सिंह आज सिलगढ़ी आइपुग्नुभएर उत्तरकन्यामा बंद रहेका चिया बगान अनि श्रमिकहरुसित जुड़ेका अन्य महत्वपूर्ण मुद्दाहरुमा उच्चस्तरीय बैठक गर्नु भयो।
- लङभ्यू चिया बगानका श्रमिकहरूले सञ्चालन गरिरहेको ७२ घण्टे रिले अनशन तथा न्यायको आन्दोलनले आज ८०औ दिनमा प्रवेश गरेको छ।
- खरसाङ्ग फुटबल एसोसिएसनद्वारा आयोजित खरसाङ्ग सुपर लीग को तेस्रो संस्करण अन्तर्गत आज दुई वटा म्याच सन्चालन गरिएको छ।
- मौसम विभागले भोलि तथा आगामी केही दिनहरुका लगि उत्तर बंगालका अधिकांश भागहरुमा हल्का देखि भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

## उत्तर बंगाल भ्रमण

राज्यका श्रम एवं परिवहन मंत्री अर्जुन सिंह आज सिलगढ़ी आइपुग्नुभएर उत्तरकन्यामा बंद रहेका चिया बगान अनि श्रमिकहरुसित जुड़ेका अन्य महत्वपूर्ण मुद्दाहरुमा उच्चस्तरीय बैठक गर्नु भयो। श्रम मंत्रालयको आयोजनामा सम्पन्न यस बैठकमा उत्तर बंगालको सम्पुर्ण चियाबगानका ट्रेड युनियन साथै श्रम मन्त्री अर्जुन सिंह, दार्जीलिङ्गका सांसद राजु बिष्ट लगायत जलपाईगड़ी, अलीपुरद्वार अनि कूचबिहार जिलाहरुका सांसद तथा बिधायकहरुको उपस्थिति रहेको थियो। हिमालयन प्लान्टेसन वर्कर्स युनियनको तर्फबाट केन्द्रीय समिति अध्यक्ष बिके राई, महासचिव एस के लामा, एचपीडब्ल्यु खर्साङ ब्राञ्च कमिटी महासचिव बिरेन्द्र छेत्री उपस्थित रहेका थिए। श्री अर्जुन सिंहले विगत सरकारहरुका औद्योगिक नीतिहरुको कारण राज्यको उद्योग गंभीर संकटमा पुगेको आरोप लगाउनुभयो। नयाँ औद्योगिक नीतिको उद्देश्य राज्यका युवाहरुलाई रोजगारकोलागि बाहिर जानदेखि रोक्न अनि स्थानीय स्तरमा अवसर बढ़ाउन रहेको श्री सिंहले दावी गर्नुभयो।

*बैठकमा हिल प्लान्टेसन्स इम्प्लोयिज युनियन (HPEU) का तर्फबाट चिया उद्योग तथा बन्द बगानसँग सम्बन्धित महत्वपूर्ण विषयहरू उठाएका थिए। युनियनले पहिलो मागका रूपमा चिया ऐन, १९५३ अन्तर्गतको कानुनी व्यवस्थालाई प्रयोग गरी बन्द तथा संकटग्रस्त चिया बगानहरू सरकार आफैंले सञ्चालन गर्ने तथा आवश्यक परे व्यवस्थापन आफ्नो नियन्त्रणमा लिनुपर्ने आवश्यकता रहेको बताए। त्यसैगरी, १० अप्रिल २०२३ मा तत्कालीन तृणमूल सरकारले भूमि सुधार ऐनमा गरेको संशोधनका कारण चिया बगानको लिज जमिन अन्य निजी पुँजीपतिलाई बिक्री गर्न सकिने व्यवस्था गरिएको बताउँदै यो संशोधन खारेज गर्न र चिया बगानको जमिनलाई कर्पोरेट स्वार्थबाट जोगाउन माग गरिएको छ। HPEU ले बन्द बगानहरूमा तत्काल श्रमिक सहकारी संस्था (को–अपरेटिभ सोसाइटी) मार्फत सञ्चालनको व्यवस्था गरी श्रमिकलाई सशक्त बनाउनुपर्ने धारणा पनि राखिएको बताइएको छ। बैठकमा लङभ्यू चिया बगानको समस्यालाई विशेष प्राथमिकताका साथ उठाइएको थियो। ८० दिनसम्म आन्दोलन र अनशन जारी रहँदा पनि श्रमिकहरूले न्याय नपाउनु संस्थागत असफलताको प्रतीक भएको युनियनको भनाइ थियो। साथै, लङभ्यूसहित अन्य चिया बगानहरूमा भविष्य निधि (PF), ग्र्याचुइटी, रहल ज्याला तथा अन्य श्रमिक अधिकार सम्बन्धी समस्याको शीघ्र समाधान गर्न श्रम विभाग र EPFO लाई अझ प्रभावकारी रूपमा श्रमिक पक्षमा काम गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। बैठकमा ६ नोभेम्बर २०२४ मा जारी गरिएको बन्द चिया बगान सञ्चालन सम्बन्धी मानक संचालन प्रक्रिया चिया उद्योगका लागि घातक हुन सक्ने भन्दै त्यसको पुनरावलोकन गर्नुपर्ने विषयमा पनि गम्भीर छलफल गरिएको छ। साथै, 'टी टुरिजम' को नाममा चिया उद्योग कमजोर पार्ने तथा चिया बगानको जमिन अन्य प्रयोजनका लागि दुरुपयोग हुने सम्भावनाप्रति सबै ट्रेड युनियनहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। बैठकको अन्त्यमा HPEU ले लङभ्यू चिया बगानको समस्याको स्थायी समाधानका लागि श्रम मन्त्री अर्जुन सिंहको उपस्थितिमा छिट्टै निर्णायक बैठक बोलाई समस्या समाधानको प्रक्रिया अघि बढाउन माग गर्दै ज्ञापनपत्र बुझाएको छ।*

**लङ्भ्यू चियाबगान**

लङभ्यू चिया बगानका श्रमिकहरूले सञ्चालन गरिरहेको ७२ घण्टे रिले अनशन तथा न्यायको आन्दोलनले आज ८०औ दिनमा प्रवेश गरेको छ। श्रमिकहरूले लामो समयदेखि बाँकी रहेको वैधानिक तथा आर्थिक सुविधा उपलब्ध गराउन माग गर्दै आन्दोलन जारी राखेका छन्। श्रमिकहरू अनुसार बगान व्यवस्थापनले लगभग १२ करोड रुपियाँ भविष्य निधि, ८३ लाख भन्दा अधिक ग्रयाचुटी, १९ लाख भन्दा अधिक एलटीए (LTA) तथा चार महिनाको तलब हालसम्म भुक्तानी गरेको छैन। श्रमिकहरूले तत्काल सम्पूर्ण रहल भुक्तानी गरी श्रमिकहरूको अधिकार सुनिश्चित गर्न सम्बन्धित निकाय र बगान मालिक समक्ष माग गरेका छन्। यसैबीच आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै युवा तथा विद्यार्थीहरूले हस्ताक्षर अभियान सञ्चालन गरिरहेका छन्। अभियानअन्तर्गत आज दूधिया हाटमा हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न भएको छ। यसअघि खर्साङ रेलवे स्टेशन, मिरिक बजार, गाडीधुरा बजार तथा बाग्राकोटमा पनि हस्ताक्षर अभियान सफलतापूर्वक सम्पन्न भइसकेको आयोजकहरूले जनाएका छन्।

**फुटबल खरसाङ्ग**

खरसाङ्ग फुटबल एसोसिएसन द्वारा आयोजित खरसाङ्ग सुपर लीगको तेस्रो संस्करण अन्तर्गत स्थानीय गोथल्स स्कुलको खेल मैदानमा आज ए डिभिजनको दुई वटा खेल सन्चालन गरिएको छ। आज भएको पहिलो खेल कन्चनजङगा एफ सी अनि युनाइटेड टुङ एफ सी माझ खेलियो। यस खेलमा कन्चनजङगा एफ सीले निर्धारित समयमा शून्यको विरुद्ध 3 गोल गरी युनाइटेड टुङ एफ सी माथि विजय प्राप्त गरेको छ। खेलको उत्कृष्ट खेलाडीको सर्टिफिकेट कन्चनजङगा एफसी का अभिषेक ठकुरी अनि युनाइटेड टीएफसी का छोडेन तामाङलाई प्रदान गरियो। आज भएको दोस्रो खेल युकेएफसी अनि युनाइटेड मकैबारी एफसी माझ खेलियो। खेलको निर्धारित समय समाप्त भइञ्जेल सम्म दुवै दल गोल रहित रह्यो भने खेलको उत्कृष्ट खेलाडीको सर्टिफिकेट युनाइटेड मकैबारी एफसी का राजीव छेत्रीलाई प्रदान गरियो।

**फालाकट्टा-हात्ती**

अलिपुरद्वार जिल्ला अन्तर्गत फालाकाटा क्षेत्रमा लगातार हात्तीहरुको आतंक अनि वन विभागको लापरवाहीको आरोप लगाउँदै आज धैरै तनाव देखियो। हात्तीहरुको कारण घरहरुमा तोड़फोड़ अनि अन्न बालीको नुकसानको विरोधमा तथा सुरक्षाको मांगलाई लिएर छोटा सालकुमार, तालुकेरटारी अनि हरिमंदिर गांवका निवासीहरुले आज फालाकाटा-मादरिहाट राज्य सड़कलाई 1 घण्टा भन्दा अधिक समय सम्म जाम गरी विरोध प्रदर्शन गरेको बताइएको छ। प्राप्त जानकारी अनुसार, हिज राती पनि फालाकाटाका यी क्षेत्रहरुमा हात्तीका झुंडले तांडव मच्चाएको छ। हात्तीहरुको हमलामा छह घरहरुलाई नोकसान पुगेको बताइएको छ।

*हात्तीहरुको बढ़्दो आतंकको कारण आज फालाकाटा-मादरिहाट राज्य सड़कलाई पांच माइल क्षेत्र नजिक हरिमंदिरमा स्थानीयहरुले जाम गरिदिएको बताइएको छ। यस अवरोधको कारण अपराहन्न 12 बजे सम्म यातायात पूर्ण रुपले ठप्प रहेको बताइएको छ। ग्रामीणहरुको आरोप छ कि मादरिहाट रेंजको दक्षिण खैरबाड़ी बीटका जंगलहरुबाट हात्तीहरुका झुंड घरि घरि गांवहरुमा पसेर धैरै नोकसान पुर्याउँदछ। आपात स्थितिमा फोन गरेको खण्डमा धैरै पटक वनकर्मीले फोन नउठाएको तथा समयमा घटनास्थलमा नआइपुगेको पनि ग्रमीणहरुले आरोप लगाएका छन्। उनीहरुले वन विभागले क्षेत्रमा निगरानी बढ़ाउन साथै हात्तीहरुको आतंकको सम्बन्धमा स्थायी समाधान गर्ने मांग गरेका छन्। सड़क अवरोधको सूचना पाएर फालाकाटा थाना पुलिस साथै वन विभागका कर्मीहरुले घटनास्थलमा पुगेर ग्रामीणहरुलाई स्थितिमाथि लगातार निगराणी राखिने तथा क्षतिग्रस्त घरहरुलाई उचित क्षतिपूर्ति दिइने आश्वासन दिए पछि स्थितिलाई नियंत्रण लिइएको बताइएको छ।*

## मौसम

मौसम विभागले भोलि तथा आगामी केही दिनहरुका लगि उत्तर बंगालका अधिकांश भागहरुमा हल्का देखि भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। विभागले विशेष गरी दार्जीलिङ, कालेबुङ, जलपाईगडी, कुचबिहार, अलिपुरद्वार तथा उत्तर र दक्षिण दिनाजपुर जिल्लाका एक-दुई स्थानमा भारी वर्षा हुने चेतावनी जारी गरेको छ। यसका साथै, उत्तर बंगालका सबै जिल्लाहरूका एक-दुई स्थानहरुमा मेघ गर्जन, चट्याङ र ३० देखि ४० किलोमिटर प्रति घण्टाको गतिमा हावाहुरी चल्ने सम्भावना रहेको बताएको छ। दार्जीलिङ र कालेबुङको पहाडी क्षेत्रहरूमा लगातारको वर्षाको कारण पहिरो जाने खतरा रहेकोले यात्रा गर्दा विशेष सावधानी अपनाउन मानिसहरुसित अनुरोध गरिएको छ। दार्जीलिङमा भोलिको अधिकतम तापमान २२ डिग्री सेल्सियस र न्यूनतम तापमान १९ डिग्री सेल्सियसको रहने मौसम विभागले अनुमान व्यक्त गरेकोछ।

## फिफा विश्वकप दिवस

फिफा विश्वकप सेमिफाइनल खेलहरू अन्तिम चरणमा पुगेका छन्। पहिलो सेमिफाइनल भारतीय समय अनुसार आगामी मंगलवार राती १२ बजेर ३० मिनटमा फ्रान्स अनि स्पेनबीच खेलिनेछ। क्वार्टरफाइनलमा फ्रान्सले मोरक्कोलाई २-० ले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको छ भने स्पेनले बेल्जियमलाई २-१ ले पराजित गरेको छ। दोस्रो सेमिफाइनल बिहीबार इङ्गल्याण्ड र अर्जेन्टिनाबीच खेलिनेछ। इङ्गल्याण्डले अतिरिक्त समयमा नर्वेलाई २-१ ले पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ भने अर्जेन्टिनाले आज बिहान स्विट्जरल्याण्डलाई ३-१ ले पराजित गरेको छ। दुई सेमिफाइनल खेलका विजेताहरूले २० जुलाई २० मा न्युयोर्कको न्यु जर्सी स्टेडियममा हुने उपाधि खेलमा आमनेसामने गर्नेछन् ।

**********